नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्डः ५ संख्या : २ दल्ली जाजरकोट मितिः२०७८।०३।३१

## भाग–१

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको आठौं नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७८

सम्वत् २०७८ सालको ऐन नं २

**नलगाड नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावनाः** नलगाड नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नलगाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७८” रहेको छ।

(२) यो ऐन २०७८ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

(क) "सभा" भन्नाले नलगाड नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले नलगाड नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "वडा समिति" भन्नाले नलगाड नगरपालिका अन्तर्गतका वडा समितिलाई सम्झनुपर्छ ।

(घ) "विषयगत शाखा" भन्नाले नलगाड नगरपालिका अन्तर्गतका विभिन्न शाखा, उपशाखा, कार्यालय, एकाई तथा अन्य प्रशासनिक एकाईलाई सम्झनुपर्छ ।

(ङ) "संचित कोष" भन्नाले नलगाड नगरपालिकाको संचित कोषलाई सम्झनुपर्छ ।

३. **सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची–१ मा उल्लेखित चालू खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु. ५६,८६,८४,०००।०(अक्षरुपी छपन्न करोड छयासी लाख चौरासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त नलगाड नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा जम्मा रकमको २५ प्रतिशत रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट अर्को शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकाशा र खर्च जनाउन परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

५. **कार्यविधि, मापदण्ड र निर्देशिका बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक कार्यविधि, मापदण्ड र निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि, मापदण्ड र निर्देशिका नलगाड राजपत्रमा प्रकाशन गरिनेछ।

## अनुसूचि - १

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट आर्थिक वर्ष २०७८।०७९ मा विनियोजन हुने अनुमानित रकम

रु. हजारमा

| सि.नं. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|
| १= | नगर कार्यपालिका | ७५९८८ | १९२५३४ | ० | २६८५२२ |
| २= | वडा समिति | ७९६२ | ० | ० | ७९६२ |
| ३= | विषयगत शाखा | २७७५०० | ० | ० | २७७५०० |
| ४= | विभिन्न कोषहरु | ८७०० | ६००० | ० | १४७०० |
| | कुल जम्मा रु | ३७०१५० | १९८५३४ | ० | ५६८६८४ |

आज्ञाले

सुरेन्द्र सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका